# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ४ २०८२ श्रावण ०९


## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

### छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

छायाँनाथ रारा नगरपालिका चोक नामकरण, स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

## चोक नामकरण, स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

**स्वीकृत तथा प्रमाणित**

मिति २०८२/०३/२९

**प्रकाशन**

मिति २०८२/०४/०९

संवत् २०८२ को कार्यविधि नं. ०३

**चोक नामकरण, स्थापना तथा व्यवस्थापन सम्बन्धी कानून तर्जुमा गर्न बनेको कार्याविधि**

**प्रस्तावना:** छायाँनाथ रारा नगरपालिका भित्र रहेको कुनै पनि ठाउँमा सडकहरू एकभन्दा बढी दिशाबाट आएर मिल्ने वा काटिने, खुला फराकिलो, मानिसहरू भेला हुन, हिँड्न वा एक ठाउँमा जान प्रयोग हुने, सामाजिक अन्तरक्रियाको केन्द्रबिन्दु, बजार लाग्ने, भेला हुने, चाडपर्व मनाउने, सार्वजनिक कार्यक्रम आयोजना गर्ने वा राजनीतिक गतिविधिहरू गर्ने सार्वजनिक स्थान, ऐतिहासिक र सांस्कृतिक महत्व बोकेका चोकहरू जसले प्राचीन कला, वास्तुकला र सामाजिक जीवन शैलीलाई झल्काउने किसिमका सार्वजनिक स्थलहरूको उचित नामकरण, व्यवस्थित स्थापना तथा दिगो व्यवस्थापनले छायाँनाथ रारा नगरपालिकाको स्थानीय सौन्दर्य अभिवृद्धि गर्न, ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक महत्वलाई उजागर गर्न, नागरिकहरूलाई सहज पहिचान तथा सुविधा प्रदान गर्न महत्वपुर्ण भूमिका खेल्ने भएकोले यी अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय चोकहरूको नामकरण, स्थापना र व्यवस्थापन कार्यलाई व्यवस्थित, पारदर्शी र एकरूपता कायम गर्न, चोकहरूको उचित व्यवस्थापनबाट सार्वजनिक सम्पत्तिको संरक्षण गर्न, वातावरणीय सन्तुलन कायम राख्न र सार्वजनिक हितलाई प्रवर्धन गर्न वाञ्छनिय भएकाले,

नेपालको संविधानको अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, दफा १०२ र छायाँनाथ रारा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी तथा छायाँनाथ रारा नगरपालिकाको १७ औ नगर अधिवेशनको निर्णय नं. १९ अनुसार छायाँनाथ रारा नगरपालिकाको नगर कार्यपालिकाले देहायको कार्यविधि लागु गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्ररम्भः** (१) यो कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "चोक नामकरण, स्थापना तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाबाट स्विकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "नगरपालिका" भन्नाले छायाँनाथ रारा नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "नगर प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ग) "उप-प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ।

(ङ) "चोक" भन्नाले छायाँनाथ रारा नगरपालिकाको विभिन्न स्थानमा सडकहरू एकभन्दा बढी दिशाबाट आएर मिल्ने वा काटिने, विभिन्न गन्तव्यहरुका लागि बाटो छुटिने, बजार लाग्ने, खुला र फराकिलो भएको जहाँ मानिसहरू भेला हुन, हिँड्न वा एक ठाउँबाट अर्को ठाउँमा जान प्रयोग गर्ने, चाडपर्व मनाउने, सार्वजनिक कार्यक्रम आयोजना गर्ने वा राजनीतिक गतिविधिहरू गर्ने साझा स्थल, शालिक, मन्दिर, वा अन्य स्मारकहरू पनि हुन सक्ने, प्राचीन कला, वास्तुकला र सामाजिक जीवनशैली झल्काउने सार्वजनिक स्थानलाई सम्झनु पर्छ।

(च) "शालिक" भन्नाले मानव वा अन्य जीवजन्तुको आकृतिमा बनाइएको मूर्ति वा प्रतिमा जसले कुनै खास व्यक्ति वा जीवको यथार्थ परक वा प्रतीकात्मक प्रतिनिधित्व गराउन, कुनै विशिष्ट व्यक्ति (जस्तैः राष्ट्रिय विभुति, शहिद, कलाकार, नेता आदि) लाई सम्मान गर्न र उनको योगदानलाई चिरस्थायी बनाउन, कुनै जीवजन्तुलाई प्रतीकात्मक रूपमा चित्रण गर्न ढुङ्गा, तामा वा पित्तल धातु, काठ, सिमेन्ट आदिबाट बनेको प्रतिमा वा मूर्तिलाई सम्झनु पर्छ।

(छ) "स्मारक" भन्नाले कुनै महत्वपूर्ण घटना, स्थान वा सामूहिक भावनालाई स्मरण गर्न बनाइएको कुनै ठूलो वा जटिल संरचना, भवन, स्तम्भ, स्मृति स्तम्भ वा अन्य कलात्मक कृति तथा ऐतिहासिक घटनाको सम्झना, कुनै स्थानको महत्व दर्शाउन, सामूहिक समर्पण वा भावना (अज्ञात शहीद प्रति श्रद्धाञ्जली) व्यक्त गर्न, वास्तु कलात्मक सौन्दर्य र ऐतिहासिकता प्रस्तुत गर्न बनाइएको संरचनालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य र चोकको नामकरण मापदण्ड तथा प्रयोगको प्रक्रिया

३. **उद्देश्यः** (१) यस चोक नामाकरण, स्थापना तथा व्यवस्थापन कार्यविधि देहाय अनुसारको उद्देश्य पुरा गर्न जारी गरिएको हो।

(क) नगरपालिका भित्र रहेका चोकहरूको नामाकरण, स्थापना र व्यवस्थापन गर्न सार्वजनिक स्थलको पहिचान र व्यवस्थापनमा एकरूपता ल्याई जथाभावी नामाकरण र अव्यवस्थित स्थापनालाई रोकी एकरूपता कायम गराउन,

(ख) ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक महत्त्वको संरक्षण र प्रवर्द्धन हुने खालका चोकहरूको नामाकरण वा शालिक तथा स्मारक स्थापना गर्ने,

(ग) चोकहरूको डिजाइन, हरियाली र अन्य भौतिक संरचनाको निर्माणमा ध्यान दिई त्यस क्षेत्रको समग्र सौन्दर्यमा सुधार ल्याउन मद्दत गर्छ,

(घ) स्थानीय बासिन्दा तथा आगन्तुकहरूलाई गन्तव्य पत्ता लगाउन सहज सूचना प्रदान गर्ने र स्थानीय ग्रामीण क्षेत्रको सहज पहुँचमा मद्दत गर्छ,

(ङ) सार्वजनिक सम्पत्तिको संरक्षण र दिगो उपयोग सुनिश्चित गर्नु,

(च) चोकहरूलाई सार्वजनिक भेला, कार्यक्रम वा अन्य गतिविधिहरूका लागि प्रयोग गर्ने, ती गतिविधिहरूलाई व्यवस्थित गर्न र सार्वजनिक शान्ति तथा सुव्यवस्था कायम गर्न आवश्यक मार्गदर्शन प्रदान गर्ने,

(छ) चोकको नामकरणको मापदण्ड, शालिक वा स्मारक स्थापनाको प्रक्रिया, मर्मतसम्भारको जिम्मेवारी र चोकको प्रयोग सम्बन्धी नियमहरू निर्धारण गर्न।

४. <u>चोकको नामकरणको मापदण्डः</u> (१) चोकको नामकरण गर्दा निम्न मापदण्डहरू पालना गरिनुपर्छ।

(क) **ऐतिहासिक महत्त्वः** कुनै ऐतिहासिक घटना, स्थान, वा प्राचीन सभ्यता सँग सम्बन्धित नामलाई प्राथमिकता दिइनेछ।

(ख) **सांस्कृतिक एवं धार्मिक महत्त्वः** स्थानीय संस्कृति, परम्परा, चाडपर्व वा धार्मिक स्थलसँग सम्बन्धित नामलाई छनोट गर्न सकिनेछ।

(ग) **सामाजिक योगदानः** समाजमा विशिष्ट योगदान पुऱ्याएका राष्ट्रिय विभूति, शहीद, नेता, साहित्यकार, कलाकार, समाजसेवी वा स्थानीय नायकहरूको नामबाट नामाकरण गर्न सकिनेछ।

(घ) **भौगोलिक वा प्राकृतिक विशेषताः** चोक रहेको स्थानको भौगोलिक विशेषता (जस्तैः नदी, पहाड, ताल) वा प्राकृतिक सौन्दर्य झल्काउने नाम राख्न सकिनेछ।

(ङ) **स्थानियको भावना र अपनत्वः** नामाकरण गर्दा स्थानीय समुदायको राय-सुझाव, भावना र अपनत्वलाई सम्मान गरिनेछ। नामकरणले कुनै पनि समुदाय वा समूहको भावनामा ठेस नपुग्ने कुरा सुनिश्चित गरिनेछ।

(च) **सरलता र मौलिकताः** नाम उच्चारण गर्न सरल, मौलिक र स्थानीय पहिचान झल्काउने हुनुपर्छ। दोहोरिने वा अस्पष्ट नामहरू राख्न निरुत्साहित गरिएकोछ।

(छ) **वातावरणीय सन्तुलनः** प्रकृति र वातावरण सँग सम्बन्धित नामहरूलाई पनि विचार गर्न सकिनेछ।

(२) उपदफा (१) मा उल्लेख गरिएको मापदण्ड विपरीत गरिएको नामकरण छायाँनाथ रारा नगरपालिकाले अमान्य घोषित गरि मापदण्ड अनुसारको नयाँ नामकरण गर्न सक्नेछ। र सो नयाँ नामकरणलाई सबैले अक्षरस पालन गर्नु पर्नेछ।

५. <u>शालिक वा स्मारक स्थापनाको प्रक्रियाः</u> (१) चोकमा शालिक वा स्मारक स्थापना गर्दा निम्न प्रक्रियाहरू अवलम्बन गरिनुपर्छः

**(क) प्रस्तावना दर्ताः**

(१) शालिक वा स्मारक स्थापनाका लागि इच्छुक व्यक्ति वा संस्थाले लिखित प्रस्ताव नगरपालिकामा दर्ता गर्नु पर्नेछ।

(२) उपखण्ड (१) मा जुन सुकै कुरा लेखिएको भए पनि नगरपालिकाले चाहेको खण्डमा नगरपलिकाकै पहलमा दफा ४ अनुसारको मापदण्ड भित्र रहेर शालिक निर्माण गर्न सक्नेछ।

(३) प्रस्तावमा स्थापना गरिने शालिक वा स्मारकको विवरण, औचित्य, लागत अनुमान, डिजाइन, सामग्री, स्थापना गरिने स्थानको नक्सा र त्यसबाट पर्ने सकारात्मक प्रभावबारे स्पष्ट उल्लेख हुनुपर्छ।

**(ख) छलफल तथा सिफारिसः**

(१) नगरपालिकाले प्राप्त प्रस्ताव माथि प्राविधिक तथा सामाजिक औचित्यको आधारमा अध्ययन गरी आवश्यक देखिएमा सार्वजनिक सुनुवाइ वा सरोकारवाला सँग छलफलको आयोजना गर्नुपर्नेछ।

(२) छलफलबाट प्राप्त राय-सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा सिफारिसका लागि पेस गरिनेछ।

**(ग) सभा तथा कार्यपालिकाको निर्णयः**

(१) नगरपालिकाको सिफारिस र आवश्यक अध्ययनका आधारमा नगर सभा तथा नगर कार्यपालिकाको बैठकले शालिक वा स्मारक स्थापना गर्ने वा नगर्ने सम्बन्धमा अन्तिम निर्णय गर्नेछ।

(२) शालिक वा स्मारक स्थापना गर्ने निर्णय भएमा त्यसको लागि आवश्यक बजेट, स्रोत र कार्यान्वयन ढाँचा पनि सोही निर्णयमा उल्लेख गर्नुपर्नेछ।

**(घ) निर्माण तथा स्थापनाः**

(१) कार्यपालिकाको निर्णय पश्चात सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र वा कोटेशन आह्वान गरी शालिक वा स्मारकको निर्माण र स्थापना कार्य अगाडि बढाइनेछ।

(२) निर्माण कार्य तोकिएको मापदण्ड र गुणस्तर अनुसार भए वा नभएको नगरपालिकाले नियमित अनुगमन गर्नेछ।

**(ङ) उद्घाटन तथा हस्तान्तरणः**

(१) निर्माण सम्पन्न भएपछि नगरपालिकाको नगर प्रमुख वा कोही विशिष्ट व्यक्तिबाट शालिक वा स्मारकको विधिवत् उद्घाटन गरिनेछ।

(२) यदि कुनै व्यक्ति वा संस्थाले निर्माण गरेको भए, निर्माण पश्चात् छायाँनाथ रारा नगरपालिकालाई हस्तान्तरण गर्नुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेख गरिएको स्थापनाको प्रक्रिया विपरीत बनेको संरचना, शालिक, स्मारक छायाँनाथ रारा नगरपालिकाले जुनसुकै बेला भत्काउन सक्नेछ।

६. <u>मर्मत सम्भारको जिम्मेवारीः</u> (१) चोकमा स्थापित शालिक, स्मारक, हरियाली, बत्ती, फोहोर व्यवस्थापन तथा अन्य भौतिक संरचनाहरूको मर्मत सम्भारका लागि निम्न जिम्मेवारी निर्धारण गरिनेछः

**(क) स्थानीय सरकारको जिम्मेवारीः**

(१) चोकमा रहेका शालिक, स्मारक, बत्ती, सिंचाइ प्रणाली र सार्वजनिक शौचालय लगायतका पूर्वाधारहरूको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी सम्बन्धित नगरपालिकाको हुनेछ।

(२) मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ।

**(ख) वडा कार्यालयको भूमिकाः**

(१) सम्बन्धित वडा कार्यालयले आफ्नो क्षेत्र भित्रका चोकहरूको दैनिक सरसफाइ, सामान्य मर्मत र सुरक्षाको अनुगमन गर्नेछ।

(२) कुनै ठूलो मर्मत सम्भार आवश्यक परेमा नगरपालिकामा जानकारी गराउने जिम्मेवारी वडा कार्यालयको हुनेछ।

**(ग) समुदाय र निजी क्षेत्रको संलग्नताः**

(१) चोकको सरसफाइ र मर्मत सम्भारमा स्थानीय समुदाय, टोल विकास संस्था, टोल विकास समिति, महिला संघ र निजी क्षेत्रलाई समेत सहभागी गराउन सकिनेछ।

(२) आवश्यकता अनुसार सहकार्य र साझेदारीका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ।

७. **<u>चोकको प्रयोग सम्बन्धी नियमहरुः</u>** (१) चोकलाई सार्वजनिक हित र सुव्यवस्था कायम राख्नका लागि निम्न नियमहरू लागू गरिनेछः

(क) **सार्वजनिक प्रयोजनः** (१) चोकहरू सार्वजनिक हिँडडुल, मनोरञ्जन, र शान्तिपूर्ण भेला तथा चोक किनारा वा छेउछाउमा प्रत्येक हप्ता छायाँनाथ रारा नगरपालिकाको कृषि हाट बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०८२ अनुसार हाट बजारको लागि मात्र प्रयोग गर्न पाइनेछ।

(२) खण्ड (क) मा जे सुकै कुरा लेखिएको भएपनि कृषि हाट बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०८२ विपरित हाट बजार सञ्चालन गर्न पाइने छैन।

**(ख) कार्यक्रम आयोजनाः**

(१) कुनै पनि सार्वजनिक कार्यक्रम, भेला, सभा वा प्रदर्शन आयोजना गर्दा सम्बन्धित नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) कार्यक्रमको प्रकृति, समय अवधि, र सार्वजनिक शान्तिमा पार्न सक्ने प्रभावको आधारमा स्वीकृति प्रदान गरिनेछ,

**(ग) प्रतिबन्धित कार्यहरूः**

(१) चोकमा फोहोर फाल्न, थुक्न, वा सार्वजनिक सम्पत्तिलाई क्षति पुऱ्याउन पूर्ण रूपमा निषेध गरिएको छ।

(२) उपदफा (१) को खण्ड (ख) को उपखण्ड (१) बमोजिम कार्य गर्दा सो चोकमा अवस्थित संरचना, शालिक, स्मारकमा अघात आउने कार्य, तोडफोड गर्ने खालको कार्य गर्न नहुने,

(३) धूम्रपान, मदिरा सेवन वा कुनै पनि लागू पदार्थको प्रयोग गर्न पाइने छैन,

(४) गाडी, मोटर साईकल लगायत कुनै पनि सवारी साधन आवतजावतमा बाधा पुग्ने गरि रोक्न, तथा चोकमा पार्किङ्ग गर्न पुर्ण निषेध गरिएको छ,

(५) चोकमा बनेको शालिक, स्मारक तथा जोडिएर रहेको संरचना समेतमा पोष्टर, पर्चा, व्यानर, पम्पेलेटहरु टाँस्न पुर्ण निषेध गरिएको छ,

(६) चोकको नाममा दोहरोपना, भ्रमित तथा असर पर्ने गरि कोही कसैले पनि चोक तथा चोकको कुनै संरचनामा पोष्टर, पर्चा, व्यानर, पम्पेलेटहरु टाँस्न पुर्ण निषेध गरिएको छ,

(७) रातको समयमा अनावश्यक रूपमा होहल्ला गर्न वा सार्वजनिक शान्ति भङ्ग हुने कार्य गर्न पाइने छैन,

(८) बिना अनुमति व्यापारिक स्टल राख्न वा व्यापारिक गतिविधि गर्न निषेध गरिएको छ।

**(घ) सुरक्षा र सरसफाइः**

(१) चोकको नियमित सरसफाइ गरिनेछ र फोहोर फाल्ने डस्टबिनको उचित व्यवस्था गरिनेछ।

(२) सार्वजनिक सुरक्षाका लागि आवश्यकता अनुसार सी.सी. टीभी क्यामेरा तथा सडक लाइट जडान गर्न सकिनेछ।

(३) छायाँनाथ रारा नगरपालिको "एक मुख दश रूख अभियान" लाई मध्यनजर गरि चोकहरुलाई हरित चोक बनाउनको लागि आवश्यकता अनुसार फूलहरु लगायत अन्य बोटविरुवाहरु रोप्न सकिनेछ।

(४) चोकमा अवाञ्छित तथा गैरकानुनी गतिविधिहरू नियन्त्रणका लागि छायाँनाथ रारा नगरपालिकाले नगर प्रहरी व्यवस्थापन (चौथो संशोधन) नियमावली, २०८० अनुसार परिचालन गर्न सक्नेछ।

(ङ) **अवाञ्छित गतिविधि नियन्त्रणः**

(१) चोकमा अवाञ्छित तथा गैरकानुनी गतिविधिहरू नियन्त्रणका लागि स्थानीय प्रशासन र प्रहरीसँग समन्वय गरिनेछ।

## परिच्छेद-३

## कारवाही र जरिवाना

८. **कारवाही र जरिवानाः** (१) यस कार्यविधिमा उल्लेख भए अनुसारको प्रतिबन्धित कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले देहाय अनुसार कारवाही र जरिवाना गर्नेछ।

(क) दफा ७ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (२) विपरित कुनै व्यक्ति वा संस्थाले हाट बजार सञ्चालन गरेमा त्यस्तो हाट बजारको सम्पूर्ण सामाग्री जफत गरी पाँच हजार रुपैया सम्म जरिवाना गरिनेछ।

(ख) दफा ७ को उपदफा (१) को खण्ड (ख) को उपखण्ड (१) विपरित लिनुपर्ने स्विकृत नलिई कुनै पनि सार्वजनिक कार्यक्रम भेला वा प्रदर्शन आयोजना गरेमा पहिलो पटक भए एक हजार रूपैयाँ, दोस्रो पटक भए दुई हजार रूपैयाँ र सो भन्दा बढी भएमा पटकै पिच्छे तीन हजार रूपैयाँ सम्म जरिवाना गरिनेछ।

(ग) दफा ७ को उपदफा (१) को खण्ड (ख) को उपखण्ड (१) अनुसार अनुमति लिएर कुनै पनि सार्वजनिक कार्यक्रम भेला वा प्रदर्शन आयोजना गरि जथाभावी फोहर गरेमा र दफा ७ को उपदफा (१) को खण्ड (ग) को उपखण्ड (१) विपरित कसैले फोहर फाल्ने जस्ता कार्य गरेमा फोहरमैला व्यवस्थापन निर्देशिका, २०८२ को दफा ३६ र फोहरमैला व्यवस्थापन कार्यविधि, २०७५ अनुसार दण्ड सजाय हुनेछ।

(घ) दफा ७ को उपदफा (१) को खण्ड (ग) को उपखण्ड (२) विपरित कसैले तोडफोड गर्ने खालको कार्य गरेमा तोडफोड भएको सामाग्रीको लागत रकम बराबरको रकममा थप पाँच हजार रूपैयाँ सम्म जरिवाना हुनेछ।

(ङ) दफा ७ को उपदफा (१) को खण्ड (ग) को उपखण्ड (३) विपरित कोही, कसैले लागू पदार्थको सेवान गरेको पाइएमा पहिलो पटक भए पाँच सय रूपैया, दोस्रो पटक भए एक हजार रूपैयाँ देखि पचिस सय रूपैयाँ सम्म र सो भन्दा बढी भए पटकै पिच्छे पाँच हजार रूपैयाँ सम्म जरिवाना गरिनेछ।

(च) दफा ७ को उपदफा (१) को खण्ड (ग) को उपखण्ड (४) विपरित कोही कसैले सवारी पार्किङ्ग गरेमा वा बोटो अवरोध गरी सवारी साधन रोकेमा पाँच सय रूपैयाँ सम्म जरिवाना हुनेछ।

(छ) दफा ७ को उपदफा (१) को खण्ड (ग) को उपखण्ड (५) र उपखण्ड (६) विपरित कोही कसैले पोष्टर, पर्चा, व्यानर, पम्पेलेटहरु टाँसेमा पाँच सय रुपैयाँ सम्म जरिवाना गरि सो पोष्टर, पर्चा, व्यानर, पम्पेलेटहरु सो ठाउँबाट सटाउनु पर्नेछ।

(ज) दफा ७ को उपदफा (१) को खण्ड (ग) को उपखण्ड (७) विपरित कोही कसैले होहल्ला गर्न, सार्वजनिक शान्ति भङ्ग हुने कार्य गरेमा पाँच सय रूपैयाँ सम्म जरिवान हुनेछ।

(झ) दफा ७ को उपदफा (१) को खण्ड (ग) को उपखण्ड (८) विपरित कोही कसैले व्यापरिक स्टल वा व्यापारिक गतिविधि गरेमा त्यस्तो गतिविधि गर्दा प्रयोग हुने सम्पुर्ण सामाग्रीहरु जफत गरि एक हजार पाँच सय रूपैया सम्म जरिवाना गरिनेछ।

(ञ) दफा ७ को उपदफा (१) को खण्ड (घ) को उपखण्ड (१) र उपखण्ड (२) विपरित कोही कसैले सार्वजनिक समपत्तिमा क्षति पूर्‍याएमा क्षति भएको सामाग्रीको लागत रकम बराबरको रकममा थप एक हजार रूपैयाँ सम्म जरिवाना लाग्नेछ।

(ट) दफा ७ को उपदफा (१) को खण्ड (घ) को उपखण्ड (३) विपरित कोही कसैले "एक मुख दश रूख अभियान" बिफल पार्ने नियतले बोटबिरुवा नास गरेमा पाँच सय रूपैयाँ सम्म जरिवाना हुनेछ।

९. **कारवाही गरिने:** (१) माथि उल्लखित विभिन्न दफाहरुमा उल्लेखित प्रतिबन्धित कार्य तथा कसूर गर्ने व्यक्तिलाई तोकिएको जरिवाना नतिर्ने व्यक्ति, संस्थालाई देहाय अनुसार कारवाही गर्न गराउन सकिनेछ।

(क) जरिवाना तोक्नु अघि सामान्य कसूरमा पहिलो पटक चेतावनी वा सचेत गराउन सकिने,

(ख) छायाँनाथ रारा नगरपलिकाले उपलब?ध गराउने कुनै सेवा सुविधाको आतिरक्त विद्युत्तिय तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि नगरपलिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ,

(ग) सेवा प्रदायक निजी कम्पनी, फर्म, गैरसरकारी तथा सामुदायिक संस्था भएमा सेवा बन्देज गर्ने, त्यस्ता संस्थालाई कालो सूचीमा राख्ने।

## परिच्छेद-४
## विविध

१०. **बाधा अड्काउ फुकाउः** (१) यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अडकाउ परेमा समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

११. **संशोधनः** (१) छायाँनाथ रारा नगरपालिकाको नगर सभा तथा नगर कार्यपालिकाले यो कार्यविधि आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ।

१२. **बचाऊः** (१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि चोक नामकरण, शालिक तथा स्मारक निर्माण सम्बन्धी भए गरेका कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

१३. **खारेजीः** (१) यो कार्यविधिमा उल्लिखित विषयहरू प्रचलित कानुनको व्यवस्था सँग बाझिन गएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

**आज्ञाले,**
दिपेन्द्र चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत